- विश्वव्यापी क्षेत्राधिकार : यातना विरुद्धको महासन्धिअनुसार हरेक पक्षराष्ट्रले आफ्नो क्षेत्राधिकारभित्र रहेको कुनै पनि यातनाको कार्यमा आरोपित कसुरदारलाई अनुसन्धान गर्न बाध्य हुन्छ र पर्याप्त प्रमाण भएमा उक्त व्यक्तिलाई सुपुर्दगी वा अभियोजन गर्नुपर्दछ। तसर्थ नेपाल बाहिर भएको यातनाको अपराधलाई पनि क्षेत्राधिकार प्रदान गर्न निश्चित प्रावधानहरू समावेश गरिनुपर्छ।

### एड्भोकेसी फोरम

स्थापनाकाल सन् २००१ देखि नै एड्भोकेसी फोरम बहस पैरवीका माध्यमबाट विधिको शासनलाई प्रवर्द्धन गर्न तथा अन्तर्राष्ट्रिय मानवअधिकारका मापदण्डलाई पालना गराउनका लागि निरन्तर कार्यरत छ। एड्भोकेसी फोरमका विविध कार्यक्षेत्रमध्ये एक प्रमुख विषयगत क्षेत्र भनेको देशमा दसकौंदेखि रहेको दण्डहीनता विरूद्धको अभियान हो। नेपालमा दण्डहीनतालाई रोक्नका लागि एड्भोकेसी फोरमले गरेका केही कार्यमा मानवअधिकार उल्लंघन/ज्यादतीका मुद्दाको अभिलेखीकरण गर्ने, सरकारी थुनास्थलमा नियमित तथा अघोषित भ्रमण गर्ने, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा कानुनी पहल तथा सूचना सम्प्रेषण गर्नेलगायत पर्दछन्। एड्भोकेसी फोरमले नेपालमा प्रचलित फौजदारी न्यायसम्बन्धी कानुनहरूको अनुसन्धान गरी त्यसमा रहेका कमीकमजोरीहरूलाई औंल्याउँदै अन्तर्राष्ट्रिय स्तरको कानुन निर्माणका लागि सल्लाह/सुझाव दिँदै आइरहेको छ। मानवअधिकार उल्लंघन तथा ज्यादतीका पीडितलाई निष्पक्ष, विलम्बरहित तथा सहज पहुँच हुने न्यायको प्रत्याभूति गर्ने प्रणाली स्थापना गर्न हामी कटिबद्ध छौं।

ADVOCACY FORUM

सहकार्य

REDRESS
Ending Torture, Seeking Justice for Survivors

सहयोग

EUROPEAN UNION

# यातना सम्बन्धी प्रस्तावित विधेयक

यातना वा अन्य क्रूर, अमानवीय तथा अपमानजनक व्यवहार (कसुर र सजाय) सम्बन्धी विधेयक प्रस्ताव गर्नु सकारात्मक कदम भएतापनि यसको विषयवस्तुमाथि सार्वजनिक रूपमा बृहत्तर छलफल हुनसकेको भए स्वागतयोग्य हुने थियो। यस विधेयकले यातनालाई अपराधीकरण, यातनाको उजुरी उपर अनुसन्धान तथा अभियोजन गर्ने संयन्त्रको व्यवस्था र पीडितलाई क्षतिपूर्तिको व्यवस्था गरेको छ। यो विधेयक प्रचलित यातनासम्बन्धी कानुनको तुलनामा धेरै हदसम्म प्रगतीशिल छ र दण्डहीनतालाई सम्बोधन गर्न र पीडितलाई न्याय प्रदान गर्ने सम्बन्धमा धेरै हदसम्म सकारात्मक छ।

तर यस विधेयकले आफ्ना उद्देश्य हासिल गर्न, संविधानद्वारा प्रदत्त अधिकारहरूको प्रवर्द्धन गर्न र नेपाल राज्यले आफ्ना सन्धिजनित दायित्व निर्वाह गरेको सुनिश्चित गर्नका लागि यो विधेयक लागू हुनुपूर्व केही महत्वपूर्ण प्रावधानलाई संशोधन गर्नु जरुरी छ। ऐनका उद्देश्यलाई थप प्रभावकारी ढङ्गले हासिल गर्नका लागि नीति निर्माताहरूले केही महत्वपूर्ण थप प्रावधानहरू समावेश गर्नेतर्फ ध्यान दिनुपर्दछ।

## संशोधनका लागि प्रस्तावित मुख्य पाँचवटा बुँदाहरू

### (१) उजुरी हाल्ने (दफा ११) तथा अभियोग दर्ता (दफा ११) गर्ने हदम्यादलाई बढाउनुपर्छ

यस विधेयकले पनि पीडित व्यक्तिले आफूलाई यातना दिएको वा दुर्व्यवहार गरेको मितिले वा थुनाबाट मुक्त भएको मितिले ९० दिनभित्र उजुरी दिन सक्नेछ (दफा ११) भनी व्यवस्था गरेको छ। साथै अपराध भएको मितिले १ वर्ष भित्र अभियोग दर्ता गरी सक्नुपर्नेछ भनी व्यवस्था गरेको छ (दफा १७)। यो व्यवस्था घटना भएको २० वर्षसम्म पनि उजुरी हाल्न सकिने प्रावधान भएको हत्या वा अन्य गम्भीर प्रकृतिका अपराधसम्बन्धी व्यवस्थाभन्दा पूर्ण रूपमा भिन्न छ।

व्यवहारिक रूपमा हेर्दा पीडित व्यक्तिले यातना दिएको वा दुर्व्यवहार गरेको मितिले ९० दिनभित्र उजुरी दिन नसक्ने धेरै कारणहरू छन्। पीडित व्यक्ति दुर्व्यवहार गर्ने निकायसँग यथार्थमा डराएको हुनसक्छ, यातनाको कारण शारीरिक र/वा मानसिक आघातहरू भोगिरहेको हुनसक्छ, उसलाई कानुनी परामर्शसम्मको पहुँच नहुनसक्छ वा भौगोलिक सीमाका कारणले गर्दा उजुर गर्न कठिनाइ हुनसक्छ। कुनै अवस्थामा पीडित व्यक्तिले ९० दिनभित्र उजुरी दिन सफल भए पनि सरकारी वकिलको कार्यालयले यातनाको अभियोगपत्र यातना भएको १ वर्ष भित्र दर्ता गरी सक्नु प्रावधानले गर्दा दण्डहीनताले प्रश्रय पाउँन सक्छ। यी दुवै प्रावधानहरूले यस कानुनको कार्यान्वयनका लागि गम्भीर व्यवहारिक अडचन खडा गर्न सक्छ र यो यातना विरुद्धको महासन्धि र आईसिसिपीआर अन्तर्गतको दायित्वको विपरीत पनि हुन्छ।

सुझाव : उजुरी दर्ता गर्ने समयावधि निर्धारण गर्ने प्रावधानलाई हटाउन दफा ११ र १७ संशोधन गर्ने र अपराधको अभियोजन वा परिपूरणको प्रावधानमा तोकिएका हदम्याद खारेज गरिनु पर्छ। यदि हदम्यादको व्यवस्था समावेश गरिनु पर्ने भए लामो हदम्याद राखिनु पर्छ र त्यस बाहेक पनि हदम्याद बढाउनुपर्ने पर्याप्त कारण र आधार भएमा अदालतलाई सो हदम्याद बढाउन स्वविवेक अधिकार दिइनु पर्छ।

### (२) दण्डसजायका प्रावधानलाई दिगो बनाउनुपर्छ (दफा २०)

यस विधेयकमा यातना दिने कार्य गर्ने वा आदेश दिने अधिकारीलाई पाँच वर्षसम्म कैद र/वा रु ५०,००० सम्म जरिवाना गर्ने प्रावधान छ। यद्यपि यातनाका कारण पीडित व्यक्तिको अङ्गभङ्ग भएमा, बलात्कार वा यौन हिंसाका सिकार भएमा वा हिंसा भड्काउने अन्य सूचीकृत तत्व विद्यमान छ भने उक्त तोकिएको सजाय १० प्रतिशतले बढ्नेछ (उपदफा ३)। तसर्थ यातनाको अभियुक्तलाई सजायको रूपमा जरिवाना मात्र पनि हुनसक्दछ।

उक्त प्रावधान नेपालको महासन्धिजनित दायित्व अनुरूप छैन। यातना विरुद्धको महासन्धि अन्तर्गत नेपाल सरकारले यातना दिने कार्यमा संलग्न व्यक्तिलाई उपयुक्त दण्ड दिनुपर्ने प्रावधानले उक्त अपराधको गम्भीरतालाई दर्साउँछ (धारा ४(२))। यातना विरुद्धको समितिले सामान्यतया कैद सजाय उपयुक्त हुन्छ भनी स्पष्ट पारेको छ। यातनाको कसुरमा अन्य राष्ट्रद्वारा अवलम्बित कैद सजाय यस प्रकार छ : माल्दिभ्स (२५ वर्ष), फिलिपिन्स (Reclusion perpetua अर्थात (२०–४० वर्ष), इन्डोनेसिया (१५ वर्ष), श्रीलंका (१० वर्ष), युगान्डा (१५ वर्ष), बेलायत र वेल्स (जन्मकैद), अस्ट्रेलिया (२० वर्ष)।

सिफारिस : यातनासम्बन्धी अपराधमा पर्याप्त अवधिसम्म कैद सजाय सुनिश्चित गर्ने गरी दफा २० लाई संशोधन गर्नुपर्दछ। कैद सजायको अधिकतम अवधि पर्याप्त रूपमा बढाउनु पर्दछ।

### (३) क्षतिपूर्ति रकमको हद तोक्ने प्रावधानको खारेजी (दफा २२)

विधेयकमा पीडितलाई क्षतिपूर्ति प्रदान गर्ने प्रावधान भएतापनि क्षतिपूर्ति रकमको हद ५ लाखसम्म तोकेको छ (दफा २२)।

यातना विरुद्धको महासन्धि अन्तर्गत नेपाल सरकारले यातना एवं दुर्व्यवहारका पीडितलाई अपराधको गाम्भीर्यता तथा शारीरिक तथा मानसिक आघातलाई ध्यानमा राखी पर्याप्त, प्रभावकारी र प्रतिशतको आधारमा परिपूरण दिन सुनिश्चित गर्नुपर्छ। त्यसैले यातनाका कारण ठूलो क्षति पुगेका पीडितका लागि यो ५ लाख रुपियाँ क्षतिपूर्ति अपर्याप्त हुन सक्छ। त्यसैले यस्तो किसिमको परिपूरण पूर्ण एवं बृहत्तर हुनुपदर्छ, र क्षतिपूर्ति मात्र पर्याप्त उपचार हुनसक्दैन।

सिफारिस : क्षतिपूर्ति रकम रु ५,००,००० भनी हद निर्धारण गर्ने दफा २२ को प्रावधान खारेज गरिनु पर्छ। नीति निर्माताहरूले यातना पीडितहरूका लागि अन्य प्रकारका परिपूरणहरू जस्तै पुनर्वास, पुनःस्थापना, सन्तुष्टि र नदोहोरिने प्रत्याभूति समेत प्रदान गर्न अझ विस्तृत प्रावधानहरू समावेश गर्नेतर्फ ध्यान दिनुपर्दछ।

### (४) गलत उजुरी हाल्नेसम्बन्धी प्रावधान बदर गर्नुपर्छ (दफा ३१)

विधेयकमा यातनासम्बन्धी गलत उजुरी हाल्ने व्यक्तिलाई जरिवानाको सजाय निर्धारण गर्ने प्रावधान छ (दफा ३१)। यातनाको कार्य प्रायः गोप्य रूपले सम्पन्न हुने र शक्तिसम्पन्न व्यक्तिबाट हुने हुँदा यसलाई साबित गर्न अत्यन्तै गाह्रो हुन्छ। ऐनमा यस्तो प्रावधान समावेश गर्नुले यातनाको वास्तविक पीडितलाई उजुरी हाल्नबाट हतोत्साहित बनाउने खतरा रहन्छ। कुनै व्यक्तिले गलत उजुरी हालेको भनी साबित भएमा प्रचलित अन्य कानुनमा त्यसलाई सम्बोधन गर्ने संयन्त्र छँदैछ।

सिफारिस : दफा ३१ अनुसार गलत उजुरी हाल्ने व्यक्तिलाई जरिवानाको सजाय निर्धारण गर्ने प्रावधान खारेज हुनुपर्छ।

## न्यायप्राप्तिका दौरान आउनसक्ने बाधाहरुलाई सम्बोधन गर्ने सम्बन्धमा सुझाव गरिएका थप प्रावधान

यातना वा अन्य दुर्व्यवहारबाट पीडित भएका व्यक्तिले न्यायप्राप्तिका दौरान सामना गर्नुपर्ने बाधा अडचनलाई सम्बोधन गर्न र कानुनी संरचनालाई थप सबल बनाउनका लागि नीति निर्माताहरूले विधेयक उपर छलफल गर्दा अन्य केही थप पहलकदमी पनि गर्न सकिन्छ भन्ने कुराको हेक्का राख्नुपर्दछ। उक्त कदमहरू निम्नलिखित हुनसक्दछन् :

- उजुर गर्ने संयन्त्र : विधेयकको मस्यौदामा यातनासम्बन्धी उजुरीहरू अदालतमा दायर गर्नुपर्ने प्रावधान रहेको छ (दफा ११)। तर गरिबी, अज्ञानता वा भौगोलिक विकटता जस्ता कारणले यातना पीडितहरूको अदालतसमक्ष पहुँच नपुग्न पनि सक्दछ। त्यसकारण उजुरी दायर गर्ने तथा हिरासतमा रहेका व्यक्तिलाई उजुर गर्न सकिने अधिकारको प्रत्याभूति गराउने संयन्त्र वा निकायहरू बनाइनुपर्ने भन्ने सिफारिस एड्भोकेसी फोरमको रहेको छ। यस्ता निकाय हिरासत प्रमुख, स्वतन्त्र अनुगमन गर्न पाउने अन्य निकाय, प्रहरी र राष्ट्रिय मानव अधिकार आयोग हुन सक्दछन्। तसर्थ यी निकायमा यस्ता उजुरी दायर भएपछि त्यसलाई अदालतसमक्ष पेश गर्नुपर्ने दायित्व पनि निहित गरिनुपर्दछ।
- अनुसन्धान गर्ने निकाय : प्रस्तावित विधेयकअनुसार छानबिनको प्रक्रिया अदालतबाट परिचालित र निरीक्षित हुन्छ र प्रचलित फौजदारी न्याय प्रणाली बमोजिम नै संचालित हुन्छ (दफा १२)। तर यातना एवम् दुर्व्यवहारसम्बन्धी अपराधमा प्रहरी र सरकारी वकिलले अनुसन्धान र अभियोजन गर्ने बेवस्ता गर्ने गरेको अहिलेसम्मको अनुभवले बताउँछ। एएफ के सुझाव दिन्छ भने विधेयकलाई दिगो बनाउन यातना एवं दुर्व्यवहार समेत गम्भीर प्रकृतिका मानवअधिकार हननका उजुरी हेर्न प्रहरी र सरकारी वकिलको कार्यालयको समन्वयमा विज्ञता हासिल गरेका स्वतन्त्र अनुसन्धानात्मक संयन्त्र निर्माण गर्नुपर्दछ।
- कानुनी सहायता : यातनासम्बन्धी उजुरी गर्ने पीडितले आफूले उठाएको मुद्दामा अभियोजनको दौरान आफ्नो भावना प्रस्तुत गर्न निज आफैले कानुनी प्रतिनिधि चयन गर्न पाउने व्यवस्था उक्त विधेयकले गरेको छ (दफा १९)। तर स्रोत साधनको अभावमा अधिकांश पीडितले आफ्नो वकिल राख्न सक्दैनन्। यस्ता आर्थिक अभावमा कानुन व्यवसायी राख्न नसक्ने यातना पीडितलाई निःशुल्क कानुन व्यवसायी उपलब्ध गराउने व्यवस्था यस विधेयकमा पनि राख्न सकिएको खण्डमा यसले पीडितको न्यायसमक्ष सहज पहुँचलाई बढाउने थियो।
- पीडितका अधिकार : यस विधेयकले यातनाको उजुरी गर्ने पीडितका लागि केही अधिकारहरू जस्तै मुद्दाको अनुसन्धानको प्रगतिको विषयमा सूचना पाउने अधिकार, प्रक्रियामा सहभागी हुन पाउने अधिकार र अभियोजन गर्ने निकायहरूको निर्णयउपर पुनरावेदन गर्ने अधिकार सुनिश्चि गर्नु पर्छ।
- शारीरिक जाँच : यस विधेयकले हिरासतमा राखेपछि वा छोडिसकेपछि "सम्भव भएसम्म" शारीरिक जाँच उपलब्ध गराउनुपर्ने विधेयकमा प्रावधान छ (दफा २४)। उक्त शारीरिक जाँच प्रणाली प्रभावकारी छ भन्ने सुनिश्चित गर्न, व्यक्ति पक्राउ गरेपछि र हिरासतमुक्त दुवै अवस्थामा यथाशीघ्र शारीरिक जाँच गर्न बाध्यकारी बनाउनुपर्छ।